आ.व. २०८२/८३
बैठक: गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्या: १५/०८२/०८३
मिति :२०८३/०३/१५
स्थान: झि.गा.पा. सभाहल
समय : बिहानको: ८:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | धुवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुलस वहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता बि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

## अन्य उपस्थिति/आमन्त्रित

| नाम | पद |
|---|---|
| हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| अरविन्द महत | आर्थिक प्रशासन शाखा प्रमुख |
| पुष्प राना | शिक्षा शाखा प्रमुख |
| दामोदर उपाध्या | का.स. |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ शोक प्रस्ताव पारित सम्वन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८३/०३/१३ गतेका दिन कार्यालयको कामको सिलसिलामा खटिएको क्रममा प्युठान जिल्ला स्वगद्धारी नगरपालिका वडा नं. २ मा स्वर्गद्धारी नगरपालिकाका उपप्रमुख मिनराज रानाको सवारी दुर्घटनामा भएको दुःखद निधन प्रति झिमरुक गाउँपालिका गहिरो दुःख व्यक्त गर्दै दुःखद् घटनामा दिवंगत हुनु भएका उपप्रमुख मिनराज रानाको चिर शान्तिको कामना गर्दै १ मिनेट मौनधारण गरी शोक प्रस्ताव पारित गरियो । साथै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गरियो ।

प्रस्ताव नं. २ गत बैठकको समिक्षा सम्वन्धमा ।

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८३/३/६ गते बसेको बैठकबाट आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक,२०८३ विनियोजन विधेयक,२०८३ बजेट तथा कार्यक्रम र आयव्यय रकम (बार्षिक बजेट, MTEF समेत) विधेयक तथा कार्यविधिहरु, आ.व. २०८३/८४ को दररेट, न्यायिक समितिको प्रतिवेदन, गाउँ कार्यपालिकाका बैठकले गरेका निर्णय र गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका निर्णयहरु अनुमोदन तथा समर्थन, विभिन्न संघ संस्थाका कार्यक्रम, बेरुजु फछ्यौंट लगायत गाउँ सभामा पेस गर्ने कार्य सूची सम्बन्धमा निर्णय भए अनुसार गाउँसभाको २० औं अधिवेशनको पहिलो र दोस्रो बैठकमा पेस गरी सभाबाट पारिता भएको, साविकको पशु सेवाकेन्द्रको भवनलाई पशुसेवा केन्द्रको रुपमा प्रयोगमा ल्याउने निर्णय अनुसार सो कार्य प्रक्रियामा रहेको, विभिन्न स्थानमा कार्यालय प्रयोजनाको लागि घर भाडामा लिईएकोमा आ.व.२०८३/८४ को लागि सम्झौताको प्रक्रियामा रहेको, कर्मचारीलाई प्रोत्साहन/पुरस्कार गर्ने निर्णय अनुसार कर्मचारीहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिएको, विधुतका पोलतारहरु पुनर्व्यवस्थापन लागि स्रोतको सुनिश्चितता गरिएको, राजश्व परामर्श समितिको प्रतिवेदन अनुसार राजश्वका दर र दायरा गाउँसभा बैठकमा प्रस्तुत गरी पारित भएको, ई. प्र.का मच्छीलाई १ थान फोटोकपि सहितको प्रिन्टर मेसिन उपलब्ध गराउने निर्णय प्रक्रियामा रहेको लगायतका विषयमा समिक्षा गरियो ।

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं ३ विद्यालय मर्ज तथा दरवन्दी मिलान सम्बन्धमा ।**

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा मिति २०८३ साल असार १२ गते बसेको गाउँशिक्षा समितिको बैठकको सिफारिस अनुसार देहाय वमोजिमको विद्यालय मर्ज, शिक्षक कर्मचारी व्यवस्थापन र दरवन्दी मिलान सम्वन्धी विषयमा छलफल भई देहाय वमोजिमको निर्णय गरियो ।

**देहाय**

| क्र.स | मर्ज हुने विद्यालयहरुको नाम र ठेगाना | मर्ज भई थपिने विद्यालयको नाम र ठेगाना | शिक्षक कर्मचारी व्यवस्थापन | कैफियत |
|---|---|---|---|---|
| १ | शिद्ध प्रा.वि झिमरुक-६,दहखोला | ने.रा. मा.वि. झिमरुक-६,मर्कावाङ्ग | १) बसन्ता गिरी राहत शिक्षक प्रा.वि. तृतीय गाउँपालिकामा पुल दरवन्दी रहने गरी हाललाई वाल कल्याण प्रा.वि. तोरवाङ्ग काजमा खटाउने।<br>२)खली गिरी विद्यालय सहयोगी अनेत्र व्यवस्थापन नहुदासम्म हाललाई ने.रा. मा.वि. मर्कावाङ्गमा काजमा खटाउने । | भौतिक सम्पती ने.रा. मा.वि. मर्कावाङ्गमा व्यस्थापन गर्ने |
| २ | भुवनेश्वरी प्रा.वि. झिमरुक-६,नेटा | चिरायु मा.वि. झिमरुक-६,चिसावाङ्ग | १) सविना पुरी गा.पा. अनुदान शिक्षक प्रा.वि. तृतीय गाउँपालिकामा पुल दरवन्दी रहने गरी हाललाई बाल सुधार प्रा.वि. थारुखर्क काजमा खटाउने।<br>२) सूर्य बहादुर भट्टराई स्थायी शिक्षक प्रा.वि. तृतीय गाउँपालिकामा पुल दरवन्दी रहने गरी हाललाई चिरायु मा.वि. चिसावाङ्गमा काजमा खटाउने ।<br>३) चिन्त बहादुर कुवर विद्यालय सहयोगी अनेत्र व्यस्थापन नहुँदासम्म चिरायु मा.वि. चिसावाङ्गमा काजमा खटाउने । | बाल विकास भुवनेश्वरी मै राखी अन्य भौतिक सम्पती चिरायु मा.वि. चिसावाङ्गमा व्यस्थापन गर्ने |
| ३ | बालकल्याण प्रा.वि. झिमरुक-७,हिड्डाडा | सीता मा.वि. झिमरुक-७,कुता | १) दामोदर पोखेल स्थायी शिक्षक प्रा.वि. तृतीयलाई सीता मा.वि.को प्रा.वि. रिक्त दरवन्दीमा सरुवा व्यवस्थापन गर्ने प्रा.वि.स्थायी शिक्षक दामोदर पोखेलको प्रा.वि. दरवन्दी गा.पा.को पुल दरवन्दीमा राख्ने<br>२) रीता जैशी विद्यालय सहयोगी अनेत्र व्यस्थापन नहुँदासम्म सीता मा.वि. कुतामा काजमा खटाउने। | बाल विकास बालकल्याण मै राखी अन्य भौतिक सम्पती सीता मा.वि. कुतामा व्यस्थापन गर्ने |

**दरवन्दी मिलानतर्फः-**

१.विश्वज्योति प्रा.वि. झिमरुक-२,म्यालखाडामा कार्यरत स्थायी प्रा.वि. तृतीय शिक्षक श्री पित्रीभक्त रिजाललाई दरवन्दी सहित बलभद्र मा.वि. झिमरुक-२,सिलिङ्गेमा दरवन्दी मिलान गर्ने र विश्वज्योति प्रा.वि. झिमरुक-२ म्यालखाडाको स्थायी दरवन्दी संख्या (एक) १ घटाउने ।

२.बलभद्र मा.वि. झिमरुक -२,सिलिङ्गेमा कार्यरत स्थायी प्रा.वि. तृतीय शिक्षक श्री अभिषा बस्नेतलाई सर्बोदय मा.वि. झिमरुक-२, गडेरपानीमा दरवन्दी सहित मिलान गर्ने ।

३.बालकल्याण प्रा.वि. झिमरुक -४, तुषारपानीमा गा.पा.अनुदान शिक्षक रेशमा पोखेललाई ने.रा.प्रा.वि.झिमरुक-४,चौकेमा व्यवस्थापन गर्ने ।

४.अमर प्रा.वि. झिमरुक-१, बालुवामा कार्यरत स्थायी प्रा.वि. तृतीय शिक्षक श्री ओमकार रायमाझीलाई जनविकास आ.वि. झिमरुक-१, सौतामारेफेदीमा आन्तरिक सरुवा गर्ने र अमर प्रा.वि.मा रिक्त दरवन्दीमा शिक्षक व्यवस्थापन गर्न सम्बन्धित विद्यालयलाई नै जिम्मा दिने ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ मदिरा विक्री वितरणको व्यवस्थापन सम्वन्धमा ।**
**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि व्यापक छलफल गर्दा झिमरुक गाउँपालिकाका विभिन्न वडाहरुमा मदिरा लगायत अन्य व्यवसाय गर्ने व्यवसायिहरुले नियमानुसार दर्ता नगरी जथाभावी मदिरा, सुर्तिजन्य बस्तु, बिक्री वितरण गर्दै आएको र सो कार्यले समुदायमा असहज स्थिती उत्पन्न भएको हुँदा मदिरा,सुर्तिजन्य बस्तु लगायत सबै प्रकारका व्यापार व्यवसायहरु नियमानुसार सम्बन्धित निकायमा दर्ता भई ईजाजत प्राप्त गरे पश्चात व्यापार व्यवसाय गर्न पाउने अन्यथा सरोकारबाला निकायको अनुगमन गर्दा दर्ता नभएमा हदै सम्मको कारवाहीको प्रक्रिया अगाडि वढाउने बेहोराको सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ विविध सम्बन्धमा ।**
**विविध ५ (क)सिंचाई पाईप उपलबध सम्बन्धमा ।**
**निर्णय नं. (क)**

प्रस्ताव नं ५ विविध (क) माथि छलफल गर्दा झिमरुक -१ स्थित चिफ्ले च्याउखोलामा अविरल वर्षादका कारण मदन भण्डारी राजमार्गको डिलबाट पहिरो गई ९० एम.एम.को सिंचाई पाईप ढुङ्गा माटो सहितको लेदो आएर पूर्णरुपमा क्षेती पुऱ्याएको हुँदा उक्त चिफ्ले च्याउखोला खेतमा धान बालीमा तत्काल सिंचाई कुलो सञ्चालन गर्न सम्भव नभएकोले सिंचाई पाईप व्यवस्थापनको लागि रु ३६,००० झिमरुक गाउँपालिका भित्रका विभिन्न खानेपानी तथा सिंचाई संरचना मर्मत शीर्षकबाट स्रोतको सुनिश्चितता गरी पाईप खरिद गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**विविध ५ (ख) हुलाक सेवा सम्वन्धमा ।**
**निर्णय नं. (ख)**

प्रस्ताव नं ५ विविध (ख) माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय खलंगा,प्युठानको च.नं.३९८३ मिति २०८३/०२/२८ गतेको स्थानीय तहभित्र रहेका पालिका हुलाक कार्यालयहरुलाई आवश्यक स्रोत साधन उपलब्ध गराई घरदैलो सेवा प्रवाह गर्ने कार्यमा सहजीकरण गरी दिने सम्बन्धी प्राप्त पत्रानुसार बैठकमा छलफल भई पालिकास्तरमा रहेका हुलाक सेवाको विषयमा आवश्यक जानकारी लिई निर्णय लिन हुलाक प्रतिनिधीहरुलाई गाउँपालिकाको कार्यालयमा उपस्थिति गराई जानकारी लिई आगामी बैठकमा थप निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

**विविध ५ (ग) रकम जम्मा गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ५ (ग)**

प्रस्ताव नं ५ विविध (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको ग २.३ विविध खर्च खाता नं. ०७५०१००००६२०२ मा रहेको तर प्रयोजन समाप्त भएको रु १८,५३,४४९।७६ रकम सदर स्याहा गरी गाउँपालिकाको राजश्व खातामा जम्मा गर्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ग) खेलाडी सम्मान तथा पुरस्कृत गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ४ (ग)**

प्रस्ताव नं ४ विविध (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको तर्फबाट जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी भई विभिन्न खेलका विद्याहरुमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल खेलाडीहरुलाई प्रोत्साहनस्वरुप जनही प्रथम स्थान हासिल गर्ने खेलाडिलाई रु २,०००। द्वितीय स्थान हासिल खेलाडीलाई रु १,५००। र तृतीय स्थान हासिल गर्ने खेलाडीलाई रु १,०००। नगद पुरस्कार र सम्मानपत्रबाट सम्मान गर्ने निर्णय गरियो । साथै उक्त पुरस्कारबापतको रकम देहाय बमोजिमको शीर्षकबाट रकमान्तर गरी पुरस्कार उपलब्ध गराउने निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**देहाय**

| क.स | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | प्र.अ. बैठक सञ्चालन तथा व्यवस्थापन | २२५२२ | लु प्र. समानिकरण | ५५००० | खेलाडी सम्मान तथा पुरस्कृत कार्यक्रम | २२५२२ | ५५००० |

**विविध ५ (ग) रोजगार कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ५ (ग)**

प्रस्ताव नं ५ विविध (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत राष्ट्रिय रोजगार कार्यक्रमबाट सञ्चालित योजना कार्यक्रमका भुक्तानी फाईलहरु यथाशिघ्र गाउँपालिका आर्थिक प्रशासन शाखामा पेस गर्न सम्बन्धित पक्षलाई ताकेता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध ५(घ) घाईतेहरुलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ५ (घ)**

प्रस्ताव नं ५ विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको नाममा रहेको (बा २ झ ४५४६) नं.को स्कारपियो जिप नेपालगञ्जबाट मर्मत गरी फर्कने क्रममा पूर्व पश्चिम राजमार्ग अन्तर्गत दाङ्ग जिल्लाको लमही अर्जुन खोला नजिकै पूर्वतर्फबाट २ जना मोटरसाईकलमा सवार मोटरसाईकल चालक जिल्ला बाँके राप्ती सोनारी गा.पा.-३ बस्ने वर्ष ३३ को खुम बहादुर रासकोटी बिच एक आपसमा ठोकिई दुर्घटना हुँदा मोटरसाईकल चालकको टाउको र खुट्टामा चोट लागेको र मोटरसाईकलको पछाडि सवार लमही नगरपालिका-९, तेलिया बस्ने वर्ष ५२ को भिम बहादुर कुमालको टाउको र बाँया खुट्टामा गम्भिर चोट लागेकोले निज घाईतेहरुको अंगभङ्ग भएको कारण बिमा बापतको पाउनु पर्ने रकम रु ५ लाख झिमरुक गाउँपालिकाको खातामा निकासा भएको हुँदा दुबै घाईतेहरुलाई जनही रु २,५०,०००। का दरले निजहरुको बैक खातामा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ङ) ट्रान्सफर्मरदेखि चिस्यान केन्द्रसम्म एल.टि. लाईन विस्तार सम्बन्धमा ।**

**निर्णय नं. ५ (ङ)**

प्रस्ताव नं ५ विविध (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ मा रहेको चिस्यान केन्द्र सञ्चालनको निमित्त आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनको लागि आ.व. २०८२/८३ मा रु २० लाख विनियोजन गरिएकोमा जेनेरेटर लगायत आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनको लागि प्राविधिक लागत अनुमान अनुसार उक्त रकम अपुग हुने भएको हुँदा रु ५ लाख रकमान्तर गरी कूल जम्मा २५ लाख कायम गरिएको र सो मध्ये रु १० लाखबाट चिस्यान केन्द्रमा आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामाग्री व्यवस्थापन गर्ने र रु १५ लाख रुपैंयाबाट चिस्यान केन्द्रको लागि जेनेरेटर खरिद गर्ने व्यवस्थाको लागि छिटो छरितो विधि अपनाई चिस्यान केन्द्र सञ्चालन गर्ने कार्य अगाडि बढाउने भनी मिति २०८२/१२/१५ गते बसेको ११ औं बैठकबाट निर्णय भएको र बिद्युत जडान नभएका कारण तत्काल जेनेरेटर खरिद गरी सञ्चालनमा ल्याउन नसकिएको हुँदा चिस्यान केन्द्रमा विद्युत जडानको लागि नेपाल विद्युत प्राधिकरण प्युठान वितरण केन्द्रको च.नं.५३६ मिति २०८३/३/१२ गतेको पत्रमार्फत धरौटी रकम जम्मा गर्न स्टमेट सहित पठाएको हुँदा उक्त चिस्यान केन्द्रको लागि जेनेरेटर खरिद शीर्षकमा रकमान्तर गरिएको १५ लाख रुपैयाँबाट रु १,५०,०००। रकम रकमान्तर गरी ट्रान्सफर्मरदेखि चिस्यान केन्द्रसम्म एल.टि. लाईन विस्तार गर्ने सर्वसम्मत निर्णय गरियो । साथै धरौटी वापतको रकम नेपाल विद्युत प्राधिकरणको बैक खातामा भुक्तानी दिने निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध ५ (च) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा ।**

**निर्णय नं. ५ (च)**

प्रस्ताव नं ५ विविध (च) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाक्षेत्रभित्र रहेका झिमरुक,गतङ्ग र वालुवा खोलाको अतिरिक्त झिमरुक गाउँपालिकामा रहेका अन्य खोला खोल्सीमा समेत नदीजन्य पदार्थ रहेको पाईएको हुँदा उल्लिखित नदी र खोलाहरुबाहेकका अन्य खोला खोल्सीको समेत आगामी आ.व.मा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न आवश्यक प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध ५ (छ) रकम भुक्तानी दिने सम्बन्धमा ।**

**निर्णय नं. ५ (छ)**

प्रस्ताव नं ५ विविध (छ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ७ मा को लागि आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत जनप्रतिनिधी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण शीर्षकमा रु ८०,०००। विनियोजन गरिएकोमा वडा नं. ७ को लागि मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा विनियोजन गरिएको रु ८०,०००। रकमबाट जनप्रतिनिधी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण खर्च भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

२०८३।०३।१६

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत